स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालका महंगो अभिनेतामध्ये एक हुन्, अनमोल केसी । फिल्म 'फर्की फर्की'मा उनलाई ५० लाख पारिश्रमिक तिरेको प्रमाण निर्माताले नै सार्वजनिक गरेका थिए । एउटै फिल्ममा ५० लाख लिने उनी नै पहिलो नेपाली कलाकार हुन् । उनी जति महंगो पारिश्रमिक लिन्छन्, त्यतिकै महंगो बजेटमा बन्छन् उनका फिल्म पनि । उनका पछिल्ला हरेक फिल्मको लागत ३ करोडमाथि छ । अनमोलले करिअरकै सस्तो बजेटको फिल्ममा काम गर्ने भएका छन् ।

आजको विचार...



के...
(दुई पेजमा)

प्रकाश नेपाल

'छक्का पञ्जा ४'को सफलतापछि अभिनेत्री बेनिशा हमालको फिल्ममा व्यस्तता निकै बढेको छ । यतिबेला उनलाई फिल्ममा भ्याइनभ्याइकै अवस्था छ । गत वर्ष मात्र उनले 'सिटामोल', 'कल्ली', 'मोहर' र 'एक्लो' गरी चारवटा फिल्मको छायांकन सकाइन् । गत महिना 'बिगुल'को छायांकन सकाएर यतिबेला उनी 'द ब्लू लाइट'मा व्यस्त छिन् । अझै केही फिल्म उनको लाइनअपमा छन् । तर, फिल्ममा व्यस्तता बढ्दा उनको दयाहाङ राईको जस्तै अवस्था आएको छ ।



❐ वर्ष ३० ❐ अंक ३२३ ❐ २०८२ असार ४ गते बुधबार 18 June 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा ५० को मृत्यु

(रासस/एएफपी)

**गाजा,** असार ३/गाजाको नागरिक सुरक्षा एजेन्सीले मंगलबार इजरायली सेनाले क्षेत्रको दक्षिणमा खान युनिसको सहायता वितरण स्थल नजिकै भेला भएका कम्तीमा ५० जनाको हत्या गरेको बताएको छ । नागरिक सुरक्षा प्रवक्ता महमुद बासलका अनुसार बिहान एक परोपकारी सहायता केन्द्रमा पिठो लिन हजारौं प्यालेस्टिनी भेला हुँदा कम्तीमा ५० जनाको मृत्यु भएको र दुई सयभन्दा बढी घाइते भएका छन् । 'इजरायली ड्रोनहरूले नागरिकहरूमा गोली हाने । केही मिनेटपछि इजरायली ट्याङ्कहरूले नागरिकहरूमा धेरै गोली हाने, जसले गर्दा ठूलो सङ्ख्यामा शहीद र घाइते भए' उनले भने । इजरायली सेनाले एएफपीलाई उक्त घटनाको 'जाँच' गरिरहेको बताएको छ । गाजाको स्वास्थ्य मन्त्रालयले पछि घटनाको परिणाम स्वरूप '५१ जना शहीद र दुई सयभन्दा बढी घाइते नासेर मेडिकल कम्प्लेक्समा आइपुगेका छन्, जसमा २० जनाको अवस्था गम्भीर छ' भनेको छ । गाजा पट्टी इजरायल र प्यालेस्टिनी लडाकू समूह हमासबीच २० महिनाभन्दा बढीको युद्धले ध्वस्त भएको छ र जमिनमा स्थिति निरन्तर बिग्रिरहेको छ ।

### कृषि तथा उद्यमी कर्जा प्रवाहका लागि प्रदेशस्तरीय गोष्ठी

# कृषि उत्पादन वृद्धि गर्न साना किसानहरुको पहुँच बैंकसम्म पुर्‍याउनुपर्नेमा जोड

हाम्रा संवाददाता

**बुटवल,** असार ३/कृषि उत्पादन वृद्धिका लागि साना किसानहरुको पहुँच बैंकसम्म पुर्‍याउनुपर्ने एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । उनीहरुले साना किसानहरुको पहुँच बैंकसम्म पुर्‍याई लगानीलाई सरल र सहज बनाउन सके कृषि उत्पादन बढाउन सकिनेमा जोड दिएका हुन् ।

हेफर ईन्टरनेशनल नेपालको आयोजनामा बुटवलमा भएको कार्यक्रममा बैंक तथा वित्तिय संस्थाका प्रमुख, बीमा कम्पनीका प्रमुख र सहकारीका पदाधिकारीहरुले सरल र सहज लगानीबाट कृषि उत्पादन बृद्धि गर्न सकिनेमा जोड दिदैं साना किसानहरुलाई बैंकसम्म पहुँच पुर्‍याउनुपर्ने बताए । कृषि विकास बैंक लिमिटेडका



लुम्बिनी प्रदेश निर्देशक नवराज न्यौपानेले कृषकहरुको उत्पादन परिमाण र गुणस्तर बृद्धि गर्दै बजारीकरणमा जोड दिनका लागि बैंकहरुको लगानी कृषक मैत्री हुनु पर्ने बताए । उनले साना किसानहरुको पहुँच बैंक सम्म पुर्‍याउन चुनौति भएकोमा बैंक साथी परिचानलनको अवधारणाबाट हेफरले गरेको सहजीकरण प्रभावकारी हुने उल्लेख गरे । साना किसान र सहकारीहरुलाई लक्षित गरी ६ प्रतिशत व्याज दरमा ऋण प्रवाह गर्न भिटा परियोजना शुरुवात गरिएको र परियोजना मार्फत हेफरको कार्यक्षेत्र तथा लुम्बिनी प्रदेशका अन्य सम्भावित क्षेत्रहरुमा पनि वित्तिय साक्षरता कार्यक्रम र व्यवसायिक बैठकमा सहयोग र सहजीकरण गरिएको भन्दै धितोको मापदण्ड पुर्‍याई ऋण माग गर्ने सहकारीलाई यथासक्य छिटो ऋण प्रवाह गरिने प्रमुख न्यौपानेले बताए । प्रभु बैंक लिमिटेडका प्रदेश प्रबन्धक स्मृति श्रेष्ठले प्रक्रिया पुरा गरी आएका कृषकहरुलाई प्राथमिकतामा राखी ऋण प्रवाह गरिने बताइन् । राष्ट्रिय सहकारी बैंक बुटवल शाखा प्रमुख संगिता धितालले हेफरसँगको सहकार्यमा सामाजिक उद्यमी महिला सहकारीहरुमा विना घितो ऋण लगानी गरेको जानकारी गराउदै सहकारीहरुको क्षमता विकासमा जोड दिदै, कृषि तथा पशु बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने र सहकारीहरुको डकुमेन्टसनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइन् । हेफर ईन्टरनेशन नेपालका बरिष्ठ कार्यक्रम प्रबन्धक प्रेम कुमार साम्भ्युले सहकारीको क्षमता विकास तथा लगानीको वातावरण निर्माण गर्न हेफरले सहयोग र सहजीकरण गर्दै आएको उल्लेख गर्दै, हेफरको सहजीकरण सहयोगमा १७ वटा बैंकहरुसँग समन्वय गरी नेपाल भर २ अर्व ४० करोड ६२ लाख ७६ हजार ४ सय ८ रुपैयाँ ११ हजार ६ सय ९५ जनालाई लगानी गरिएको बताए ।

-बाँकी अन्तिम पेजमा...

## जिप दुर्घटनामा दुई जनाको मृत्यु, एक घाइते



**पाल्पा,** असार ३ /जिल्लाको पूर्वखोला गाउँपालिकामा बोलेरो पिकअप गाडी दुर्घटना भएको छ । पूर्वखोला गाउँपालिका -५ वीरकोटस्थित आर्यभञ्ज्याङ रामपुर कच्ची सडक खण्डमा आर्यभञ्ज्याङदेखि रामपुरतर्फ जाँदै गरेको अण्डा लोड गरेको लु १ च ६७५६ नम्बरको बोलेरो पिकअप गाडी सोमबार साँझ दुर्घटना भएको हो ।

दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । मृत्यु हुनेमा सवारी धनि बगनासकाली गाउँपालिका-१ गाप्टुङ घर भई हाल बुटवल उप-महानगरपालिका -११ मझुवा बस्दै आएका ४६ वर्षीय बिनोद ढुङ्गाना र गल्याङ्ग नगरपालिका-७ स्याङ्जा घर भई बुटवल-११ बस्दै आएका ४५ वर्षीय रेशम सुनार रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनका अनुसार ढुङ्गानाको लुम्बिनी मेडिकल कलेज प्रभास उपचारका क्रममा र सुनारको मिसन अस्पताल पाल्पामा मृत्यु भएको हो । दुर्घटनामा चालक बुटवल उपमहानगरपालिका -११ का ३० वर्षीय राजु खड्का घाइते भएका छन् । उनको अवस्था गम्भीर रहेको उपरीक्षक मल्लले बताए । खड्काको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भईरहेको छ । गाडी सडकदेखि ३०० मिटर तल खसेको छ । दुर्घटनाको कारण भने खुल्न सकेको छैन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

## तरबुजा बिक्री गरेर १२ लाख आम्दानी

**घोराही (दाङ),** असार ३/रोल्पा माडी गाउँपालिका-१ जबाङ दुदिलाबोटका २७ वर्षीय वीरेन्द्र खड्का र परिवर्तन गाउँपालिका-५ का ३१ वर्षीय वीरेन्द्र वलीले दाङमा तरबुजाखेतीबाट मनग्य आम्दानी लिन थालेका छन् । घोराही उपमहानगरपालिका-७ घुम्रामा ती युवा मिलेर बबई नदी किनारमा तरबुजाखेतीमा सम्लग्न छन् ।

विगतमा बालुवैबालुवाले उराठिलो रहेको बगर अहिले हरियालीमा परिणत भएको छ । बगरमा सोचेभन्दा राम्रो तरबुजा उत्पादन भएपछि आफूहरू खुसी भएको किसान खड्का बताउन्छन् । कृषि विषय अध्ययन गरेका उनि आफ्नै ठाउँमा कृषि पेसाबाट अगाडि बढ्ने बताउन्छन् । उनले भने,



"कृषिसम्बन्धी अध्ययन गरेको र आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने उद्देश्यले सात वर्षअघि कृषि फार्म स्थापना गरेर पुष्प व्यावसाय गर्दै आएको थिएँ, एक जना साथी थपिएपछि अहिले दुईजना मिलेर घोराहीमा व्यावसायिक तरबुजाखेती पनि विगत दुई वर्षदेखि गर्दै आएका छौं ।" यसबाट राम्रो आम्दानी भइरहेको उनले बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## बजेट कार्यान्वयनलाई महत्व देऊ

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । जसमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजित छ । वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८ दशमलव ८० प्रतिशत अनुमान गरिएको छ । सार्वजनिक गरेका बजेटहरूमा मूलतः पुरानै कार्यक्रम र योजना दोहोरिएका छन् । बजेटमा आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, कृषि उत्पादनमा वृद्धि र औद्योगिक विकासतर्फ ठोस कार्यक्रमको अभाव छ । बजेटको मूल लक्ष्य जनजीवन सुधार हुनुपर्ने हो, तर यस वर्ष पनि बजेटलाई परम्परागत संरचनाभित्र सीमित राखेको पाइन्छ ।

बजेटमा कृषि, उद्योग र पर्यटनलाई प्राथमिकतामा राखिएको छ । यो पहिलेकै निरन्तरताको कार्यक्रम हो । कार्यान्वयन नगरिने यस्ता योजना प्रदेश सरकारले हरेक वर्ष घोषणा गर्छ । हरेक वर्ष बजेटमा कृषिले प्राथमिकता पाउँछ, तर कृषि उपजको आयात रोकिदैन । यसले प्रदेश सरकारको नीति कार्यक्रम असफल भएको देखिए पनि कार्यक्रम सुधार्ने चेष्टा देखिदैन । यो समस्या लुम्बिनी प्रदेशको मात्रै होइन तीनै तहको हो । लुम्बिनी प्रदेशले सबै जिल्लालाई अर्गानिक कृषि उत्पादन जिल्ला बनाउने घोषणा गरेको छ । तर रोजगारी सिर्जना, उद्यमशीलता विकास र कृषि आधुनिकीकरणका लागि पर्याप्त रणनीतिक कार्यक्रम समावेश हुन सकेका छैनन् । बजेटले दिगो पूर्वाधार, मानव पुँजी विकास, युवा पलायन नियन्त्रण, कृषिमा प्रविधि विस्तार र उद्योगमैत्री वातावरण सिर्जनामा प्रभावकारी योजना ल्याउन सकेको देखिँदैनरु। ल्याइएका योजना तथा कार्यक्रमहरु पनि कार्यान्वयन हुनेमा शंका छ । बजेट घोषणा गरेर मात्रै हुँदैन । त्यसको प्रभावकारी कार्यान्वयनको पक्ष महत्वपूर्ण हो । यसर्थ प्रदेश सरकारले जे जस्तो बजेट ल्याएको भए पनि त्यसलाई कार्यान्वयन गर्न सक्यो भने मात्र बजेटको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

कर्म सँग न कागज छ न किताब नै त्यही पनि
सारा जगतको हिसाब राखेको हुन्छ ।
*(एलिषा आलेफेसबुक स्टाटसबाट https://www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के संसदीय व्यवस्था असफलताको यात्रामा हो त ?



प्रकाश नेपाल
prakashnepal014@gmail.com

> *ओली कम्पनीमा त खुकुरी भन्दा कर्द लाग्ने भएको छ । त्यसको प्रभाव र असरले गर्दा पनि लेखकलाई अप्ठारोमा पारेको छ । यो प्रकरण कसरी बाहीरियो भने वालुवाटारमा माफिया सञ्जालका मुख्य नायक ठानिने ओली कम्पनीका सुचना प्रविधी सल्लाहाकार उनको दवावमा परेको हो । यसको प्रारम्भिक अवस्थामा अख्यिारका प्रमुख आयुक्त पनि ओली कम्पनीको झोला भित्र पर्दछन् किन र कसरी सिर्जना भयो भने लेखक मन्त्रीको वर्गियतामा तेस्रो दर्जामा पर्दछन् । मन्त्री परिसरको बैठकमा ओली तथा अध्यक्षसँग सबै भन्दा बढी सवाल जवाफ गर्नेमा यिनै लेखक पर्दछन् । यिनलाई समाप्त पार्न सकियो भने स्वार्थ समूहको स्वार्थ सहजरुपमा हुने बुझेरै उनको र राजनैतिक जीवन समाप्त पार्नका लागि तल्लिन छन् । उनले यो कुरा नबुझेर दुई कम्पनीका प्रमुखले राजीनामा गर्नबाट रोकेको सत्य हो । इमान्दारीता कायम राख्दै र राजनैतिक भविष्य सुनिश्चित गर्नका लागि प्रश्न उठेपछि राजिनामा गर्नु पर्दछ । यस अगाडिका संसदीय अभ्यासमा देखिएका र भेटिएका उदाहरण छन् । स्वार्थ समूहका लागि उनको राजीनामा रोकियो । र स्वपाका अध्यक्ष रवि लामिछाने माथि शहकारी प्रकरण सदनमा उठेको थियो यिनै लेखकले बोलेको कुरा सामाजिक सञ्जालमा यतिखेर स्पष्ट भएको छ । हुन त राजनैतिकमा इमान्दारिता र नैतिकता भन्ने नै नहुँदो रहेछ ।*

आइतबार प्रतिनिधि सभाको बैठक हेर्दा र देख्दा गाई जात्रा कै सम्झना भयो । सदनमा सहभागी सदस्यहरु आफ्नो आसनबाट उठे पनि सभामुखले सदन सञ्चालन गर्न नमिल्ने उठेका सदस्यको मागलाई सम्बोधन गरेपछि सदन सुचारु हुनु पर्ने कानुनी मान्यता हो । दुई वटा कम्पनी मिलेर बनेको सरकारका सभामुखको बैमानी त्यहाँ देखियो । सभामुख भन्दा पनि नेकपा एमालेको हैसियतमा उनी देखिए । संसदीय व्यवस्था किन ल्याइएको हो भने सडकदेखि सदनसम्म आफु वा आफ्नो पार्टीलाई चित्त नबुझेको कुरा वा विषयको प्रतिवाद गर्न पाउनु संवैधानिक अधिकार भए पनि विरोध गर्ने दलहरुको कानुनी, संवैधानिक अधिकारलाई सभामुखले हरण गरेका हुन् । विवादको दलदलमा रुमलिएका छन् देवराज घिमीरे । सभामुख त दलिय स्वार्थ भन्दा माथि उठनु पर्ने थियो तर उनीबाट यो हुन सकेन । तसर्थ महाअभियोग त सभामुखलाई लगाउनु पर्ने देखियो । रास्वपाले नारावाजी गरेको छ । राप्रपाले सदन वहिष्कार गरेको बेलामा सदन सञ्चालन हुनु भनेको संसदिय अभ्यासमा कालो टिका लगाउनु हो ।

भिजिट भिषा प्रकरणमा गृहमन्त्री रमेश लेखक माथि छानविनको बाटो खुला गरिदिन राजीनामाको माग हो । दुई वटा कम्पनीको सरकारमा दवदवा रहेको छ । यो कम्पनीको नाम हो । ओली एण्ड देउवा कम्पनी देउवा कम्पनीका सदस्य रमेश लेखकसँग नैतिकता अलिकती पनि भएको भए सामान्य हल्ला नहुँदै राजिनामा गर्नु पर्ने थियो । लेखक इमान्दार भएपनि यो प्रकरणले उनलाई भ्रष्टको कालो टिका पोतियो । दुई वटा कम्पनी छन् फरक( फरक स्वार्थ समूहबाट उत्प्रेरित भएका छन् । ओली कम्पनीमा त खुकुरी भन्दा कर्द लाग्ने भएको छ । त्यसको प्रभाव र असरले गर्दा पनि लेखकलाई अप्ठारोमा पारेको छ । यो प्रकरण कसरी बाहीरियो भने वालुवाटारमा माफिया सञ्जालका मुख्य नायक ठानिने ओली कम्पनीका सुचना प्रविधी सल्लाहाकार उनको दवावमा परेको हो । यसको प्रारम्भिक अवस्थामा अख्यिारका प्रमुख आयुक्त पनि ओली कम्पनीको झोला भित्र पर्दछन् किन र कसरी सिर्जना भयो भने लेखक मन्त्रीको वर्गियतामा तेस्रो दर्जामा पर्दछन् । मन्त्री परिसरको बैठकमा ओली तथा अध्यक्षसँग सबै भन्दा बढी सवाल जवाफ गर्नेमा यिनै लेखक पर्दछन् । यिनलाई समाप्त पार्न सकियो भने स्वार्थ समूहको स्वार्थ सहजरुपमा हुने बुझेरै उनको राजनैतिक जीवन समाप्त पार्नका लागि तल्लिन छन् । उनले यो कुरा नबुझेर दुई कम्पनीका प्रमुखले राजीनामा गर्नबाट रोकेको सत्य हो । इमान्दारीता कायम राख्दै राजनैतिक भविष्य सुनिश्चित गर्नका लागि प्रश्न उठेपछि राजिनामा गर्नु पर्दछ । यस अगाडिका संसदीय अभ्यासमा देखिएका र भेटिएका उदाहरण छन् । स्वार्थ समूहका लागि उनको राजीनामा रोकियो ।

रास्वपाका अध्यक्ष रवि लामिछाने माथि शहकारी प्रकरण सदनमा उठेको थियो यिनै लेखकले बोलेको कुरा सामाजिक सञ्जालमा यतिखेर स्पष्ट भएको छ । हुन त राजनैतिकमा इमान्दारिता र नैतिकता भन्ने नै नहुँदो रहेछ । भुटानी शरणार्थी प्रकरणमा देउवा पत्नीको नाम छताछुल्ल हुने गरी जोडियो , नेकपा एमालेमा परिणत भएका टोपबहादुर रायमाझी भुटानी काण्डमा जेल मै छन् । नेकपा एमाले भएका कारण पुर्व माओवादी रामबहादुर थापा बादलले अहिलेसम्म उन्मुक्ती पाएका छन् । सत्ता शक्तिको आडमा देउवा पत्नी बढुवा भएर परराष्ट्र मन्त्री भएकी छन् । यस्ता प्रकरणमा नाम जोडिए पछि नैतिकताको आधारमा छानबीनको लागि खुला गर्दै राजिनामा नै उपयोगी माध्यम हो । तर राजनैतिकमा नैतिकता भन्ने शब्द नै हाम्रो नेपालमा कहाँ गएछ । नैतिकता, मुल्य मान्यता कायम राख्नका लागि रास्वपा र राप्रपाले सदन अवरुद्ध गरेका हुन् ।

यही प्रकरणमा माओवादी कम्पनीका पुष्पकमल दाहलले पहिला त चट्टानी अडान लिएका थिए । पछिल्लो समयमा खै के भयो । के सँग लेखकको राजीनामा साटे उनैलाई थाहा होला । लेखकले राजिनामा दिदा गृहमन्त्रालय खाली हुने त होइन होला ? अर्को व्यक्ति गृहमन्त्री हुने पालो आउनेछ । फेरी आजसम्म जुन मन्त्री गृहमा पुग्छ त्यही फेरी काण्ड पर्छ । बरु एउटै मन्त्री लामो समयसम्म भएत एउटा मात्र काण्ड हुन्थ्यो होला काण्डै काण्ड भन्दा । अब बाँकी कुरा छानबिन समिति त साझा व्यक्तिले नेतृत्व गर्ने हुँदा बढीमा २ घण्टामा सकिने हुँदा यसलाई तानेर लामो बनाउन आवश्यक थिएन । राप्रपा र रास्वपाको यही नै माग हो ।

ठूला कम्पनी प्रोपायटरका कारण संसदीय व्यवस्था असफलताको अन्तिम गन्तव्यमा पुगेको छ । आज नयाँ पुस्तामा राजनैतिक दलप्रति आर्कषित हुन नसक्नु यही नै कारण हो । पुर्व शिक्षा मन्त्री विद्या भट्टराई क्षमता भएकी राम्रोसँग समय अनुकुल शिक्षालाई बुझेकी थिइन् । के कुरामा मिलेन कुन्नी उनलाई देश चलाउन ठेक्का सम्झौता गरेका माफियाका कारण सरकारबाट असहयोग भएपछि राजीनामा गर्न बाध्य बनाइयो । माफिया दलाल त बालुवाटार भित्रै छन् । कम्पनी दलाल माफियालाई निर्मुल पार्न चाहादैनन् । यहीबाट राज्य दोहन भएको छ । पार्टीमा उनकै बोलबोलाउ , सत्तामा उनकै हैकम भएका कारण रमेश लेखक जस्ता पात्र राजनैतिकमा सेरिदै जाने हो । लेखकको राजिनामा प्रकरणमा कम्पनीका सञ्चालक नै मुख्य दोषी हुन् । कतै भोलि संसदिय व्यवस्था माथि आक्रमण गरी कमजोर भए तिन वटा कम्पनी नै मुख्य जिम्मेवारी हुनु पर्दछ तर हुँदैनन् । उनीहरुले अरु माथि दोषारोपण गरेर आफ्नो जिम्मेवारी र कर्तव्यबाट पन्छिने छन् । हुन त ओली एण्ड देउवा कम्पनीको इतिहासका पानामा पनि कालो मसीले पतिएको छ । उनीहरु प्रतिगामीकारी भएकाले राजा ज्ञानेन्द्रको उदय भएको पनि थियो । पञ्चायती व्यवस्थाका पात्र मात्र होइन यिनीहरु त राणाकालिन शाशक भन्दा फरक नभएका पात्र हुन् । त्यसैले प्रतिगमनको खतरा यहीबाट हुने निश्चित रहेको छ । ***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :पेशामा बुद्धि विवेकले निर्णय लिनुहोला असंयम व्यवहारले समस्या निम्त्याउनेछ। | **तुला** : व्यवसायबाट मनग्य लाभ प्राप्त हुनेछ।व्यक्तित्वलाई निखार्ने समय रहेको छ। |
| **वृष** : विशिष्ट व्यक्तिहरूको साथ मिल्नेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **वृश्चिक** : कीर्तिमान कार्यले यसमा वृद्धी हुनेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। |
| **मिथुन** :इष्टमित्रसँगको भेटघाटले प्रसन्न हनेछ। प्रतिक्षा गर्दा सकारात्मक परिणाम मिल्नेछ। | **धनु** : आफ्नो अनुरूप ढाल्न सकिनेछ। रचनात्मक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ।स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्। | **मकर** : पारिवारिक सद्भाव बढ्नेछ। कार्यक्षेत्रमा प्रतिभाको सम्मान हुनेछ। |
| **सिंह** : छरछिमेकीसँग मनमुटाव सुल्झीनेछ। कृषि र ठेका पट्टाबाट लाभ मिल्नेछ। | **कुम्भ** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। कार्यक्षेत्रमा नयाँ कार्यहात लाग्नेछ। |
| **कन्या** : कार्यक्षेत्रमा लोकप्रियता बढ्नेछ। आँटेका कार्यसम्पादन हुनेछन्। | **मीन** : वैदेशिक रोजगारमा लाभ मिल्नेछ। आफन्तहरूसँग मनमुटाव सुल्झिनेछ। |

## कला मनोरञ्जन

# तीज गीतको चटारो : व्यस्त हुन थाले कलाकार




तीज नेपाली समाजमा महिलाको लागि एक विशेष चाड हो, जसले केवल व्रत, नाचगान र आत्मीयता मात्रै होइन, पछिल्ला वर्षहरूमा संगीत क्षेत्रमा समेत चहलपहल ल्याउन थालेको छ । यसवर्षको तीज आउन केही महिना छँदै कलाकारलाई तीज लाग्न थालेको छ । कलाकार धमाधम तीजको गीत र भिडियो ल्याउन कस्सिएका छन् । हरेक वर्षको जेठ लागेपछि, काठमाडौँका स्टुडियोमा 'तीजको भीड' सुरु हुन्छ, त्यो अहिल्यै सुरु भैसकेको छ । नाम चलेका कलाकारले आफ्नो आवाजमा तीजका गीत रेकर्ड गराउन थालेका छन् । कतिपयले तीज गीतको छायांकन पनि थालेका छन् । कलाकारको लागि अहिले कमाउने अवसर पनि हो । कलाकार तीजको कामले ब्यस्त हुन थालेका छन् । यसवर्षको तीज पर्व भदौ १० गते परेको छ । तीज आउन २ महिनाभन्दा धेरै समय बाँकी छ । तर स्टुडियोमा भने तीजको चहलपहल सुरु भइसकेको छ । गायकगायिका र मोडलले स्टुडियो र छायांकन स्थलबाट तस्वीर धमाधम सार्वजनिक गर्न थालेका छन् । गायिका शान्तिश्री परियारले गत बुधबार ३ गीत रेकर्ड गरिन्, जसमा २ गीत तीजका हुन् । अर्की गायिका देवी घर्तीले पनि आफूले तीज गीत गाउन थालेको जानकारी पोस्टमार्फत दिएकी छन् । पछिल्लो समयका ३ लोकप्रिय गायिका एलिना चौहान, समीक्षा अधिकारी र मेलिना मैनालीले पनि सामूहिक रूपमा तीज गीत रेकर्ड गराएका छन् । 'पृथ्वी छाडेर' बोलको तीज गीतमा डीबी खनालको शब्द, दीपक शर्माको संगीत छ । तीज : कसले खोज्छ उत्ताउला अनि कसले खोज्छ विरहका गीत ? लोकगीतका सक्रिय संगीतकर्मी पशुपति शर्मा, खुमन अधिकारी, सम्झना भण्डारीले पनि रेकर्डिङ थालेका छन् । कतिपयले भिडियो छायांकनसमेत थालेका छन् । संगीतकार बीबी अनुरागीको प्रिज्मा स्टुडियोमा अहिले खेम सेन्चुरी, वसन्त थापा लगायतका कलाकारले तीज गीतको रेकर्डिङ सुरु गरी सकेका छन् । स्टुडियोका संगीत प्रबन्धक श्यामश्वेत रसाइलीका अनुसार यसपटक प्रिज्मा स्टुडियोमा ४० को हाराहारीमा तीज गीत रेकर्ड हुनेछन् । तीज गीत केवल गायकगायिकाको लागि मात्र ब्यस्तताको समय होइन, अभिनय गर्ने कलाकारको ब्यस्तता पनि उत्तिकै छ । गतसाता शंकर विसीले भिडियो नै थालेका छन् । उनले यसको जानकारी सामाजिक संजालबाट दिएका छन् । बीसी यो तीजमा ४० गीतमा काम गर्ने तयारीमा छन् । ४ गीतको रेकर्डिङ भैसकेको छ भने अन्य गीतको छायांकन तयारी छ । उनको यो भनाइले तीज गीतको माग, निर्माणको क्रम र मोडलको व्यस्ततालाई दर्शाउँछ । तीज गीतको रेकर्डिङसँगै कलाकारको लागि अर्को ब्यस्तता भनेको विदेश टूर हो । यही कारणले गर्दा धेरै गायक/गायिका साउन कुर्नुभन्दा पहिले नै गीत तयार गर्न हतारिएको देखिन्छ । अश्लील र अपाच्य शैलीका तीज गीत बनाए कारबाही हुने गायिका शान्तिश्री परियारले यसपालि तीजमा एक महिनाको युरोप टूर तय भइसकेको जानकारी दिइन् । अहिले स्वास्थ्य समस्याका कारण विश्राममा रहेकी गायिका रचना रिमालको युरोप टूर पनि केही साताअघि नै पक्का भइसकेको छ । तीज गीत सिजनसँगै विदेशी कार्यक्रममा जान पाउनु नेपाली कलाकारहरूको लागि ठूलो अवसर हो । यही कारणले गर्दा जेठ/असारमै गीत र भिडियो तयार पार्नुपर्ने हुन्छ । तीज गीतको कुरा गरिरहँदा, बिर्सन नहुने ठूलो नाम हो- विष्णु माझी । यस्तो लाग्छ, माझीको गीत नआएसम्म धेरैलाई तीज आएको लाग्दैन । माझीलाई तीजमा खोज्नेको संख्या निकै उच्च हुन्छ । लामो समयदेखि गुमनाम रहँदै आएकी माझीले तीजको एक डेढसाताअघि गीत ल्याउँदै आएकी छन् ।

संगीतकर्मी, मिडिया र दर्शकको लागि माझी अहिले पनि रहस्य र चासोकी विषय हुन् । अहिले पनि कलाकारले तीज गीतको खबर सार्वजनिक गरी रहँदा, धेरैले आफू माझीको गीतको पर्खाइमा रहेको बताउने गरेका छन् । जे होस्, अब बिस्तारै तीजको माहोलले छुँदैछ । स्टुडियोमा कलाकारको भीड, सामाजिक सञ्जालमा गीत रेकर्डको पोस्ट, निर्देशक र मोडलको व्यस्तता र विदेशतिरका कार्यक्रमको तयारीले तीज सिजनलाई साँच्चै विशेष बनाउने गरेको छ ।

*-अनलाइन खबर डटकम*

# 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सार्वजनिक



आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने सिनेमा 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सोमबार सार्वजनिक गरिएको छ । भिडियोमा कर्णाली प्रदेशमा प्रचलित हुड्के नाचमा तयार गरिएको छ । आज काठमाडौंमा आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक गरिएको गीतमा सिनेमाका मुख्य कलाकारहरू सौगात मल्ल र बेनिशा हमाल फिचर्ड छन् । बाबुल गिरीको संगीत र स्वर रहेको गीतको शब्द गोविन्द भट्टले कोरेका हुन् । गायनमा गायिका शान्तिश्री परियारले संगीतकार गिरीलाई साथ दिएकी छन् । प्रवीन सिंहले खिचेको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ । सिनेमाको निर्देशन राज बहादुर सानेले गरेका हुन् । निर्देशक सानेले 'सिटामोल'ले आफ्नो करिअर बदल्ने दाबी गरेका छन् । चलचित्रले नेपाली समाजको यथार्थ कथालाई प्रस्तुत गरेको निर्देशक सानेको भनाइ छ । चलचित्रमा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल र बालकलाकार करण परियार, आराध्या राज्यलक्ष्मी डिसीको अभिनय छ । श्री कृष्ण र जानुकाले यही सिनेमाबाट नेपाली रजतपटमा डेव्यु गरेका हुन् । तुल्सी देवी फिल्म प्रालीले जुनतारा फिल्मस्को सहकार्यमा निर्माण भएको सिनेमाको कथा प्रदीप भारद्धाज र निर्देशक सानेले लेखेका हुन् । सिमोस सुनुवारको प्रस्तुति रहेको सिनेमामा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता अनि गङ्गाराम श्रेष्ठ सह-निर्मातामा छन् । बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन रहेको सिनेमामा देव महर्जन र शंकर महर्जनको द्वन्द्व छ । सिनेमालाई दिव्य सुवेदीले खिचेका हुन् ।

*-रातोपाटी डटकम*

# ३६ दिनमा 'जारी २' प्याकअप, के फूलपातीमा आउँदैछ ?





कवि तथा निर्देशक उपेन्द्र सुब्बाले आफ्नो तेस्रो फिल्म 'जारी २'को छायांकन सकाएका छन् । गत बैशाख ३० गतेबाट सुरु गरिएको फिल्मको छायांकन हिजो (सोमबार) प्याकअप भएको हो । मोन्टाज दृश्यबाहेक ३६ दिनमा सम्पूर्ण छायांकन सकिएको निर्माण कम्पनी बाँसुरी फिल्मसले जनाएको छ । १६५ सिन खिचिएको फिल्मको छायांकन पूर्वी पहाडी जिल्ला पाँचथर क्षेत्रमा गरिएको हो । फिल्मलाई दशैंमा रिलिज गर्ने योजनामा यसका निर्माता छन् । तर, प्रदर्शन मिति भने घोषणा गरिएको छैन । यद्यपि, फूलपातीमा फिल्म रिलिज हुनसक्ने चर्चा छ । निर्देशक सुब्बा स्वयंको लेखन रहेको फिल्ममा 'जारी'कै जोडी दयाहाङ राई र मिरूना मगर दोहोरिएका छन् । यसमा ऋचा शर्मा, विजय बराल, पुष्कर गुरुङ, बुद्धि तामाङ, अनिल सुब्बालगायतको पनि अभिनय रहेको छ । गत बैशाख १ गते एक पोस्टर सार्वजनिक गर्दै 'जारी २'को निर्माण घोषणा गरिएको थियो । पोस्टरमा दयाहाङ च्याब्रुङ बजाउँदै गरेको अवस्थामा चित्रित थिए । फिल्मको उपशीर्षक नै 'सङ अफ च्याब्रुङ' राखिएको छ । यसबाट के प्रष्ट हुन्छ भने फिल्मको कथा लिम्बू समुदायको परम्परागत लोकबाजा च्याब्रुङमा आधारित छ । निर्देशक रामबाबु गुरुङ फिल्मको निर्मातामा रहेका छन् । 'जारी' २०८० सालमा सर्वाधिक कमाइ गर्ने फिल्म बनेको थियो । जारी प्रथा (महिलाले अर्को बिहे गरेमा निश्चित रकम तिरेर छुटिनुपर्ने सामाजिक नियम)मा आधारित भएर बनेको यो फिल्मले बक्स अफिसमा १७ करोड १७ लाखमाथिको व्यापार गरेको थियो । यसैबाट कवि सुब्बाले निर्देशनमा 'डेब्य' गरेका थिए । उनको दोस्रो फिल्म 'मनसरा' अघिल्लो वर्ष प्रदर्शनमा आएको थियो ।

*-फिल्म खबर डटकम*

# धेरै व्यापार गर्ने २५ चलचित्रलाई सम्मान गर्दै बोर्ड




चलचित्र विकास बोर्डले सबैभन्दा धेरै व्यापार गर्ने २५ चलचित्रका निर्मातालाई सम्मान गर्ने भएको छ । बोर्ड स्थापना भएको २५ वर्ष पुगेको अवसरमा सबैभन्दा धेरै व्यापार गर्ने २५ चलचित्रका निर्मातालाई सम्मान गर्ने भएको हो । पाँच करोडभन्दामाथि भएका अधिकतम् व्यापार गर्ने पहिलो २५ चलचित्रका निर्मातालाई सम्मान गर्ने कार्यक्रम रहेको बोर्डले जनाएको छ । तर, यसका लागि चलचित्र वितरकले निर्मातालाई भुक्तानी गरेको प्रमाण खुल्ने कागजात सात दिनभित्र पेस गर्नुपर्नेछ । 'देशभित्र स्वदेशी चलचित्रको कुल व्यापार पाँच करोडभन्दामाथि भएका अधिकतम् व्यापार गर्ने पहिलो २५ चलचित्रका निर्मातालाई सम्मान गर्ने कार्यक्रम तय भएको छ', बोर्डले सूचना जारी गर्दै भनेको छ, 'सूचना प्रकाशित भएको मितिले सात दिनभित्र स्वदेशी चलचित्र निर्माण कम्पनी वा वितरकले प्रमाण खुल्ने कागजातसहित बोर्डमा पेस गर्नपर्नेछ ।' चलचित्र विकास बोर्डको बक्सअफिस अनुसार ४६ करोडभन्दा धेरै कमाउँदै 'पूर्णबहादुरको सारंगी' अहिलेसम्म सर्वाधिक कमाउने नेपाली चलचित्र हो । आगामी असार १६ गते आयोजना हुने बोर्ड स्थापनाको २५औं वार्षिकोत्सव समारोहमा सम्मान प्रदान गरिने भएको छ । उक्त दिन 'रियल टाइम बक्सअफिस'को औपचारिक सुरुवातसहित बोर्डका सबै सेवालाई अनलाइन माध्यममा लैजाने कार्यको सुरुवात गर्ने कार्यक्रम छ । त्यसो त 'रियल टाइम बक्सअफिस' अहिले नै छ । तर, असार १६ देखि यसको औपचारिक घोषणा गर्न लागिएको हो । मुलुकका १६५ भन्दा बढी हल बक्सअफिसमा जडान भइसकेको जनाइएको छ । बोर्ड अध्यक्ष दिनेश डिसीका अनुसार असार १६ देखि चलचित्र विकास बोर्डका सबै सेवा पनि अनलाइनमार्फत हुनेछन् । त्यस्तै बोर्डले प्रदान गर्ने सेवा निर्माण इजाजत, सेन्सर सिफारिशलगायत सेवा पनि अबदेखि अनलाइनबाटै दिइनेछ ।

*-इहिमालय टाइम्स डटकम*

# सुगम पोखरेलको गीत 'यो कथा हो मेरो' सार्वजनिक



गायक सुगम पोखरेलको नयाँ गीत 'यो कथा हो मेरो' सार्वजनिक भएको छ । गीतमा शब्द, सङ्गीत र स्वर समेत सुगमकै छ । गीतको भिडियोमा युवादेखि वयस्कसम्मका कथा देखाउन खोजिएको छ । भिडियोमा अन्जु रिजाल, मिलन कार्की, स्नेहा जोशी, सन्तोष गिरी, सफर पोखरेल, नूर खनाल लगायतको अभिनय छ । गीतको सङ्गीत संयोजन सुगम आफ्नैले गरेका हुन् । योगेश दाहालको छायाङ्कन तथा सम्पादन रहेको भिडियोको निर्देशन सुशान्त गौतमले गरेका हुन् । हाम्रै समाजका केहि प्रतिनिधि कथाहरू गीत तथा भिडियोमा समेटिएको गायक सुगमले बताए । सुगम पोखरेलको गीत 'यो कथा हो मेरो' सार्वजनिकी उनले दर्शक तथा श्रोताहरूले गीतलाई मन पराउने आशा व्यक्त गरे । गीतको भिडियोलाई गायक सुगम पोखरेल आफ्नो आधिकारिक युट्युब मार्फत सार्वजनिक गरेका छन् । *-रासस*

# रामपुरका विद्यार्थीहरुलाई नि:शुल्क चस्मा



**पाल्पा,** असार २/जिल्लाको रामपुर नगरपालिकाभित्र रहेका आवासीय विद्यालयका विद्यार्थीहरुलाई नि:शूल्क चस्मा वितरण गरिएको छ । कालिगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टर रामपुरले रामपुर नगरपालिका र सेवा फाउण्डेशनको आर्थिक सहयोगमा नि:शुल्क चस्मा वितरण गरेको हो ।

नीजि विद्यालयमा अध्ययनरत दृष्टि दोष भएका विद्यार्थीहरुलाई नि:शुल्क चस्मा वितरण गरिएको छ । विद्यार्थीहरुलाई चस्मा वितरण गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले संस्थागत विद्यालयहरुमा सहयोग गर्नु पर्छ भन्ने उद्देश्यले यहाँका विद्यार्थीहरुको आँखा स्वास्थ्यका लागि यो कार्यक्रम गरेको बताए । सामुदायिक विद्यालयका लागि विभिन्न सरकारी बजेट आए पनि संस्थागत विद्यालयका लागि नआउने भएकाले विद्यार्थीहरुको स्वास्थ्य सुविधका लागि नि:शुल्क आँखा जाँच तथा चस्मा वितरण गरिएको उनको भनाई छ । नगर प्रमुख थापाले विद्यार्थीहरुको आँखा स्वास्थ्य र दृष्टि जोगाउनका लागि यो कार्यक्रम महत्वपूर्ण रहेको बताए । मानिसको सबै भन्दा संवेदनशिल अङ्ग आँखा भएकाले यसको सुरक्षा र हेरचाहमा ध्यान दिन विद्यार्थीहरुलाई उनले आग्रह समेत गरे । कालिगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टर सहयोग समितिका सदस्य दुर्गा प्रसाद भट्टराईले विद्यालय आँखा जाँच कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको आँखा जाँच गरि चस्मा वितरण गरिएको बताए । यस्तै सर्जिकल सेन्टरका व्यवस्थापक सुन्दर रानाले बालबालिका तथा विद्यार्थीहरुको आँखाको ज्योति बचाउन र स्वास्थ्यका लागि विद्यालयमै पुगेर आँखा जाँच गरिएको बताए । कार्यक्रममा रामपुर अंग्रेजी आवासिय माध्यमिक विद्यालय र भूपू सैनिक राईजिङ ईङ्गलिस बोर्डिङ स्कुलका १ सय १८ जना विद्यार्थीहरुलाई नि:शुल्क चस्मा वितरण गरिएको हो । उनीहरुको बैशाख २१ गतेदेखि २८ गतेसम्म विद्यालयमै पुगेर आँखा जाँच गरिएको र दृष्टि दोष भएका विद्यार्थीहरुलाई चस्मा वितरण गरेको सर्जिकल सेन्टरले जनाएको छ । कालिगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टर सहयोग समितिका सदस्य दुर्गा प्रसाद भट्टराईको अध्यक्षता, सदस्य कृष्ण प्रसाद पौडेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## तरबुजा बिक्री गरेर...

...दाङ एग्रोमार्ट कृषि फार्ममार्फत व्यवसाय गर्दै आएका छ । घुम्रामा साढे चार बिघा जग्गा तरबुजाखेतीका लागि भाडामा लिएको उनले बताए । उक्त जग्गाको रु ८० हजार तिर्ने गरेर तीन महिना अवधिका लागि जग्गा भाडामा लिएर तरबुजाखेती गरिरहेका छन् । अहिले आहाना, सरस्वती र विशाला जातको तरबुजा रु ५० किलोका दरले र आरोही रु ७० किलोका दरले बिक्री गर्दै आइरहेको अर्का किसान वीरेन्द्र वली बताउन्छन् । अहिले दैनिक एक हजार किलो बिक्री हुन्छ । हालसम्म आधाभन्दा बढी बिक्री गरिसकेको उनले जानकारी दिए । बाहिर देशबाट सस्तोमा भित्रिँदा स्थानीय किसान मारमा पर्ने गरेको उनको भनाइ छ । गत वर्ष रु १२ लाखको कारोबार गरेको उनले बताए । यस वर्षको हालसम्म रु पाँच लाखको कारोबार गर्न सफल भएको उनि बताउन्छन् । "सोचेभन्दा राम्रो आम्दानी भइरहेको छ", किसान वलीले भने । स्वदेशमै आत्मनिर्भर हुनका लागि कृषि पेसा रोजेको हुँदा यसैलाई निरन्तरता दिने उनले बताए । उनले भने, "तर केही बजारीकरणमा समस्या भएको हुँदा सरकारले बाहिरी देशबाट आउने तरबुजालाई रोक्ने प्रयास गर्यो भने आफूलगायत अन्य किसानलाई सहज हुने छ । कम विषादीयुक्त र जैविक उत्पादन गरिरहेकाले आम उपभोक्ताको रोजाइमा परेको उनि बताउन्छन् । दाङ एग्रोमार्ट कृषि फार्ममा तरबुजा किन्न पुगेका घोराही -१४ का अर्जुन केसी गर्मीको समयमा यसको महत्व धेरै हुने भएकाले खान मन लागेको समयमा यही आएर लैजाने गरेको उनि बताउन्छन् । आफ्नै गाउँठाउँमा उत्पादित वस्तु खान अन्य नागरिकलाई पनि उनि आग्रह गर्छन् । खेर गइरहेका बगरमा यसरी तरबुजाखेती गर्नसके स्वदेशमै आत्मनिर्भर बन्न सकिन्छ भने सीप र जाँगर भए विदेशिनु पर्दैन भन्ने दरिलो उदाहरण युवा किसानले दिएका छन् ।

## कृषि उत्पादन वृद्धि...

...उनले हेफर बुटवल क्षेत्रिय कार्यालय अन्तरगत १६ वटा बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गरी ३ सय २१ जना महिला तथा युवा उद्यमी र २९ वटा सहकारीमा ४० करोड ७७ लाख ०८ हजार रुपैया लगानी गरिएको समेत बताए । बुटवल क्षेत्रिय कार्यालय अन्तर्गत पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रुपन्देही र स्याङ्जा जिल्लाका १२ वटा स्थानीय तह र ८१ वटा सहकारीमा कार्यक्रम सञ्चालन भएको उनको भनाइ छ । कार्यक्रममा एभरेष्ट बैंक लिमिटेड बुटवलका प्रबन्धक प्रभात रमण उप्रेती, प्रभु बैंक लिमिटेड तानसेन शाखा प्रबन्धक नगेन्द्र रत्न कोईराला, रानीबास गुल्मी शाखा प्रबन्धक नविन बस्याल, राष्ट्रिय सहकारी बैंक लिमिटेड तिलोत्तमा शाखा प्रमुख रविन गौतम, भैरहवा शाखा प्रमुख ऋषिकेश ज्ञवाली, सिद्धार्थ ईन्स्योरेन्स कम्पनी पाल्पाका प्रमुख गणेश पन्थी, भिटा परियोजनाका लुम्बिनी प्रदेशका फोकल पर्शन बालकृष्ण अर्याल, सप्लाई चेन अधिकृत रुपेश न्यौपाने, निशा न्यौपाने, सेवा नेपालका केन्द्रिय सदस्य शारदा रायमाझी, लुम्बिनी प्रदेश सहसचिव तुल्सी थापा, मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष कमला भण्डारी, मुहान सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष लिला अधिकारी, गंगाजल कृषि तथा पशु विकास महिला सहकारी संस्थाकी अध्यक्ष सिमा सिंजापति, बैक साथी सुनौला केसी लगायतले बैंक मार्फत हुने लगानी प्रक्रिया, धितो मुल्यांकन, बैंक साथी परिचालन, बीमा, वित्तिय साक्षरता र व्यवसायिक बैठक लगायतका विषयमा आ-आफ्ना धारणा राखेका थिए । हेफर ईन्टरनेशन नेपालको सहजीकरणमा गरिएको लगानीको अवस्था, अवसर र चुनौतिको विषयमा हेफर ईन्टरनेशन नेपालका वित्तिय अधिकृत नागेन्द्र भट्टको प्रस्तुती र नेपालका बरिष्ठ कार्यक्रम अधिकृत विष्णु पाण्डेको सहजीकरणमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## नेपाललाई तेस्रो सुपर ओभरमा नेदरल्यान्ड्सले हरायो



**काठमाडौं,** असार ३/स्कटल्यान्डमा चलिरहेको त्रिदेशीय टी-२० क्रिकेट शङ्खलाको आफ्नो पहिलो खेलमा नेपाल नेदरल्यान्ड्ससँग तेस्रो सुपर ओभरमा पराजित भएको छ । नेदरल्यान्ड्सले जीतका लागि दिएको एक सय ५३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय ५२ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो । निक्कै प्रतिस्पर्धात्मक खेलमा पहिलो सुपर ओभरमा नेपालले १९ रन बनायो । जवाफमा नेदरल्यान्ड्सले पनि १९ रन जोड्यो । फेरि खेल दोस्रो सुपर ओभर पुग्यो । दोस्रो सुपर ओभरमा नेदरल्यान्ड्सले १७ रन जोड्दा नेपालले जवाफमा १७ रन नै बनाएपछि खेल तेस्रो सुपरमा पुगेर छिनोफानो भयो । तेस्रो सुपर ओभरमा नेपालले ४ बलमा कुनै रन नजोडी २ विकेट गुमायो । जवाफमा नेदरल्यान्ड्सका माइकल लेभिटले सन्दीप लामिछानेको पहिलो बलमा नै छक्का प्रहार गरेर टोलीलाई जिताए । त्यसअघि पहिला ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर एक सय ५२ रन बनाएको थियो । शृङ्खलाअन्तर्गत आइतवार भएको पहिलो खेलमा स्कटल्यान्डले नेदरल्यान्ड्सलाई ३९ रनले हराएको थियो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** असार ३/आइतबार सामान्य बढेको शेयर बजार मंगलबार घटेको छ । शेयर बजार परिसूचक नेप्से ३ दशमलव ९० अङ्कले घटेर २ हजार ६ सय ५४ दशमलव ७५ विन्दुमा झरेको छ ।

जलविद्युत्, लघुवित्त र व्यापार बाहेक सबै समूहको शेयर घटेकोमा होटल समूहको शेयर डेढ प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ । गार्जियन माइक्रो लाइफ इन्सुरेन्स कम्पनीको शेयर साढे ४ प्रतिशतभन्दा धेरैले घटेको छ । समग्रमा बजार घटेको दिन प्योर इनर्जी कम्पनीको शेयर भने १० प्रतिशतले बढेको छ । नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । सोमबार १३ अर्ब १८ करोडको कारोबार भएकोमा ३ सय ६ वटा कम्पनीका १ करोड ६४ लाख कित्ता शेयर ७ अर्ब ६५ करोड रुपैयाँमा किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## मानसिक स्वास्थ्य प्रति सचेत बनौं

-निराश हुनु,
-तनाव तथा चिन्तित महशुस हुनु,
-बेला बेलामा डर लाग्नु,
-पसिना आउनु,
-गहिरो निद्र नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन् ।

**मानसिक समस्या निदानको लागि:**
-नियमित व्यायाम गरौं,
-आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
-परिवार र साथीहरूसँग समय बिताऔं,
-योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
-आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

'स्वस्थ मन, सुखी जीवन'

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जंनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई